बडिमालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मार्तडी बाजुरा

# कर्मचारी आवश्यक्ता सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिती २०७४।१०।०५

यस नगरपालिका तथा अन्तर्गतका कार्यालका लागी सिभल इन्जिनिर १, सिभिल सब इन्जिनियर १, स्टाफ नर्स १ तथा नेपाल सरकार संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत सुचना प्रविधी अधिकृत १ पदका लागी सेवा करारमा लिनु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितीले १५ दिन भित्र यस नगरपालिकाको कार्यालमा दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

१) **पदको विवरण :**

| क्र.स. | विज्ञापन नं. | पद | संख्या | तलब भत्ता | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०७४/०७५ | सिभिल ईन्जिनियर | १ | नगरपालिकाको नियमानुसार | कन्टिन्जेन्सी |
| २ | ०२/०७४/०७५ | सूचना प्रविधी अधिकृत | १ | एलजिसिडिपी कार्यक्रमको नियमानुसार | LGCDP |
| ३ | ०३/०७४/०७५ | सिभिल सब–ईन्जिनियर | १ | नगरपालिकाको नियमानुसार | कन्टिन्जेन्सी |
| ४ | ०४।०७४।०७५ | स्टाफ नर्स | १ | नगरपालिकाको नियमानुसार | OCMC |

२) **आवश्यक न्यूनतम शैक्षिक योग्यताको विवरण :** सुचना प्रविधी अधिकृतको हकमा लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृतको योग्यता वा सो सरह र अन्य पदको हकमा लोक सेवा आयोगले लिने सम्बन्धित पदको परिक्षाका लागी आवश्यक शैक्षिक योग्यता ।

३) **आबश्यक कागजात :** ब्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणीत प्रतिलीपी, न्यूनतम शैक्षिक योग्यताका प्रमाण पत्रको प्रमाणित प्रतीलीपी, अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, नेपाल बाहिरबाट अध्ययन गरेकाको हकमा नेपालको विश्व विद्यालयबाट Equivalent गरेको प्रमाण पत्र, दरखास्त दस्तुर बुझाएको बैक भौचर आदी । साथै प्रमाणपत्रका प्रतिलिपीहरु उम्मेद्वार आफैले प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्ने छ ।

४) **उमेरको हद :** दरखास्त बुझाउनु पर्ने अन्तिम दिन सम्म सब–ईन्जिनियरको र स्टाफ नर्सको हकमा १८ बर्ष र अन्य पदको हकमा २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको तथा महिला उम्मेद्वारको हकमा ४० बर्ष ननाघेको ।

५) **करार अवधी :** हालका लागी सेवा करार अवधी २०७५ साल असाढ मसान्त सम्म हुने छ ।

६) **उम्मेद्वारको छनौट प्रकृया :** छोटो सुची ( Short List) विधी तथा कर्मचारी छनौट समितीले तोकेको प्रकृया अनुसार हुने छ ।

७) **दरखास्त दिने माध्याम/तरिका :** दरखास्त फारम यस कार्यालयको Website : www.badimalikamun.gov.np बाट डाउनलोड गरि प्राप्त गर्न सकिने छ वा यस कार्यालयबाट प्राप्त गर्न सकिने छ । रित पुर्वकको दरखास्त फारम भरी यो सुचना प्रकाशित भएको मितीले १५ भित्र यस कार्यालयमा दर्ता हुने गरी हुलाक वा कुरियरबाट वा **E-mail** : badimalikamunicipality@gmail.coom पठाउनु पर्ने छ । रित नपुर्याई आएको दर्खास्त उपर कुनै कार्वाही गरिने छैन ।

८) **दरखास्त दस्तुर :** सिभिल इन्जिनियर तथा सूचना प्रविधी अधिकृत पदको लागी रु १०००। ( रु एक हजार मात्र) र सब–ईन्जिनियर रु ७००। (सात सय) तथा स्टाफ नर्स पदका लागी रु. ५००। (पांच सय) यस कार्यालयको रा.बा.बैंक मार्तडी शाखामा रहेको हि नं. ४०७०३०४०२४२०२ दाखिला गरेको सक्कलै बैक भौचर संलग्न गर्नु पर्ने छ ।

९) अन्य जानकारीका लागी यस कार्यालयको फोन नं. ०९७५४१२८४/५४१२६८ मा सम्पर्क गर्न सकिने छ ।